अर्नमा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## अर्नमा, सिरहा

प्रदेश नं. २, नेपाल

प्रथम पटक प्रकाशित मिति : २०७७/०५/२३ गते

सूचना! सूचना!! सूचना!!!

**विषय :- पोखरी ठेक्का सम्वन्धमा ।**

**श्री सर्वसाधारणहरु सवै ।**

उपर्युक्त सम्वन्धमा यस गाउँ कार्यपालिकाको मिति २०७७/०५/०८ गतेको पोखरी ठेक्का लगाउने सम्वन्धी भएको निर्णय बमोजिम तीन (३) वर्षको लागि तपसिलमा उल्लेखित ठेक्का नं. र वडाहरुमा रहेको सार्वजानिक पोखरीहरुमा माछा पालनको लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति , संघ संस्था लगायत सरोकारवालाहरुले प्रति ठेक्काको लागि वोलपत्र फारम वापत रु. ३००।- अक्षरेपी तीन सय रुपैया मात्र फिर्ता नहुने गरी यस कार्यालयको संचित खाता नं. ०६९००००१४१ मा दाखिला गरी खरिद गरिएको फारम तोकीएको शर्तको अधिनमा रही यो सूचना प्रकाशित गरेको १५ दिन भित्र छुटा छुटै ठेक्का नं. को छुटा छुटै फारम सिलवन्दी गरी वोलपत्र दर्ता गराउनु हुन सम्वन्धीत सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क.स. | ठेक्का नं. | पोखरीको नाम | गाउँपालिका | वडा नं. | कि. नं. | क्षेत्रफल | न्युन्तम कवोल रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | ARM०१/०७७-०७८ | कचहरीवला | अर्नमा | ५ | २६ | १-१५-५ | ३,००,०००।- | |
| २. | ARM०२/०७७-०७८ | डवरा | अर्नमा | ५ | ११६ | ०-९-१४ | १,५०,०००।- | |
| ३. | ARM०३/०७७-०७८ | ररियाहा | अर्नमा | ५ | ३७९ | ०-१५-५ | ७०,०००।- | |
| ४. | ARM०४/०७७-०७८ | मैटखुनमा चमरटोली | अर्नमा | ५ | ९३ | ०-११-७ | ५,०००।- | |
| ५. | ARM०५/०७७-०७८ | गोतहावाला | अर्नमा | ४ | १०३ | १-१०-० | १,५०,०००।- | |
| ६. | ARM०६/०७७-०७८ | महादेववाला | अर्नमा | ४ | १६ | ०-१५-१६ | २,००,०००।- | |

अर्नमा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अर्नमा, सिरहा

प्रदेश नं. २, नेपाल

---

शर्तहरु :

१. वोलपत्र दाताले वोलपत्र खरिद गर्न आउँदा सम्वन्धित व्यक्ति वा ठेकेदारले आफ्नो नागरिकता प्रमाण पत्र लिई स्वयं उपस्थित हुनुपर्नेछ ।

२. खामको वाहिरपट्टी ठेक्का नं. , वडा नं. , पोखरीको नाम र गाउँ कार्यपालिकाको कार्यालय अर्नमा उल्लेख गरेर वोलपत्र सिलवन्दी गरी पेश गर्नुपर्नेछ ।

३. वोलपत्र साथ व्यक्तिको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

४. वोलपत्र फारममा कवोल गरेको रकमको अंक र अक्षरमा केयरमेट नगरी स्पष्ट सँग लेख्नुपर्नेछ तथा अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. वोलपत्र साथ आफुले कबोल गरेको अंकका ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल वंगलादेश वैंक लि. अर्नमा शाखामा रेहेको धरौटी खाता नं. ०६९००००८४१(ग३) जम्मा गरेको सकलै वैंक भौचर संलग्न गर्नुपर्ने छ ।

६. सूचाना प्रकाशित भएको मितिले (१५) पन्ध्र दिन कार्यालय समय भित्र छुट्टा छुट्टै ठेक्का नं. को लागि प्रति ठेक्काको वोलपत्र फारम वापत रु. तीन सय तिरी अर्नमा गाउँ कार्यापालिकाको कार्यालय बाट खरिद गरी (१६) सोह्रौ दिन मिति २०७७/०६/०७ गते वुधवार दिनको १:०० वजे भित्र यस कार्यालयमा सिलवन्दी वोलपत्र दर्ता गराई सक्नु पर्नेछ र सोही दिन दिनको २:०० वजे यस कार्यालयमा वोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा वोलपत्र खोलिनेछ । साथै वोलपत्र खोलिने मिति र समयमा वोलपत्र दाताहरु उपस्थित नभएमा वोलपत्र खोल्न वाधा पर्ने छैन् ।

७. वोलपत्र फारम खरिद गर्ने अन्तिम दिन विदा परेमा सो को भोलि पल्ट कार्यालय समयमा वोलपत्र फारम खरिद गर्न सकिने र त्यसको भोलि पल्ट दिनको १:०० वजे सम्ममा वोलपत्र फारम दर्ता गराई सक्नु पर्ने र सोही दिन दिनको २:०० वजे वोलपत्र खोलिनेछ ।

८. म्याद नाघी वा रित नपुगी प्राप्त भएको वोलपत्र उपर कुनै कार्वाही हुने छैन् ।

९. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. वोलपत्र स्वीकृत भएको सात(७) दिन भित्र कवोल गरेको पोखरीको (३)तीन वर्षको रकम नगदै गाउँपालिकाको खातामा जम्मा गरी सो को सकल भौचर सहीत सम्झौता गरी चलन पूर्जी लिई सक्नुपर्ने छ । सम्झौता गर्न नआएमा वोलपत्र दाताले राखेको धरौटी जफत हुनेछ ।

११. यस कार्यालयको छाप र प्रमुख प्रशासकीय अधिकृत बाट प्रमाणित नभएको वोलपत्र फारमलाई मान्यता दिइने छैन् ।

१२. ठेक्का लाग्ने पोखरीको म्याद अवधीभर कुनै भवितव्य वा मानवीय किसिमले माछावाली वा डिल समेतमा कुनै क्षती समेत गरे वा भएमा त्यसको क्षती ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ । गाउँपालिकाले व्यहोर्ने छैन् ।

कृष्णानन्द सिंह

प्रमुख प्रशासकीय अधिकृत

अर्नमा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अर्नमा, सिरहा

प्रदेश नं. २, नेपाल

१३. अर्नमा गाउँ कार्यपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनको पाल्ना गर्नु ठेकेदारको प्रमुख कर्तव्य हुनेछ ।

१४. वाढी , पहिरो , सुख्खा जर्ती वा अन्य कुनै कारण देखाई मिन्हा माग भएमा यस कार्यालय बाट मिन्हा दिइने छैन् ।

१५. ठेक्का स्वीकृत भई कार्यालयले माग गरे बमोजिमको रकम तोकीएको समय भित्र दाखिला गरी सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ । ठेक्का सम्झौता गरेपछि तोकीएको मिति वाट मात्र ठेक्का सञ्चालन गर्न पाइनेछ । सम्झौता गर्नु भन्दा पहिला दावी गर्न पाइने छैन् ।

१६. अर्नमा गाउँपालिकाको स्वीकृती विना पोखरीको संरचनामा कुनै हेरफेर गर्न पाइने छैन् ।

१७. यस ठेक्का सम्वन्धि कुनै किसिमको झै-झगडा वा मतभिन्नता भएमा अर्नमा गाउँ कार्यपालिकाको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

१८. टेण्डर फारम खरिद गरिएको रकम फिर्ता हुने छैन् ।

१९. यस गाउँपालिका क्षेत्रभित्रको कुनै सार्वजनिक पोखरी ठेक्का लिएको व्यक्ति /संस्थाको जिम्मामा ठेक्का वापतको रकम वुझाउन वाँकी भए वोलपत्र खरिद गर्नु अघि नै वुझाई सकेको हुनुपर्नेछ । अन्यथा निजको उपर उजुरी परे वोलपत्र स्वीकृत गरिने छैन् ।

२०. पोखरी तथा वालिको सुरक्षा ठेकेदारले स्वयं आफै गर्नु पर्ने छ ।

२१. वोलपत्र खोलिने दिनमा सामाजिक दुरी कायम गरी मास्क , स्यानिटाइजरको अनिवार्य प्रयोग गर्नु पर्नेछ ।

२२. यस सूचनामा उल्लेखित शर्तहरु बमोजिम नभएको हकमा प्रचलित आर्थिक ऐन , नियम बमोजिम हुनेछ ।

२३. ठेक्का अवधी चलन पूर्जी लिएको मिति देखि गणना हुने गरी (३) तीन वर्षको हुनेछ ।

कृष्णानन्द सिंह
प्रमुख प्रशासकीय अधिकृत